प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सचिव (स्वीकृत)

# होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना:** ग्रामीण समुदायको संलग्नतामा स्थानीय सम्भावनाहरुको उजागर तथा श्रोत साधनको उच्चतम प्रयोग गरी स्वरोजगारका अवसर सिर्जना गर्न, ग्रामीण अर्थतन्त्रमा योगदान पुऱ्याउन एवं पर्यटनको माध्यमबाट ग्रामीण पर्यापर्यटनको विकास, प्रवर्द्धन, व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकोले प्रदेश सरकार प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,- :

(क) "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले, आफ्नै घर वा समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएको घरवास सेवा सम्झनु पर्छ।

(ख) "सामुदायिक होमस्टे" भन्नाले ग्रामीण क्षेत्रमा कम्तीमा पाँच वटा अलग अलग स्वामित्व भएका घरधनीले सामूहिक रुपमा व्यवस्थापन गरी सञ्चालन गरेको होमस्टे सम्झनु पर्छ।

(ग) "निजी होमस्टे" भन्नाले ग्रामीण क्षेत्रमा एकल रुपमा दर्ता गरी निजी स्तरमा संचालित होमस्टे सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएको र मन्त्रालयले होमस्टे सम्बन्धी काम गर्न तोकिएको कार्यालय सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले होमस्टे सञ्चालन हुने स्थानीय तह सम्झनु पर्छ।

(ज) "होमस्टे इकाई" भन्नाले होमस्टे सञ्चालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घर सम्झनु पर्छ।

(झ) "पाहुना" भन्नाले होमस्टे भएको क्षेत्रमा बास बस्नेगरी वा छोटो अवधिका लागि घुम्न आउने पर्यटक वा आगन्तुक वा अतिथि सम्झनु पर्दछ।

३. **उद्देश्य:** होमस्टे सञ्चालनका मुख्य उद्देश्य देहाय बमोजिम हुनेछन् :



सचिव

(क) ग्रामीण पर्यटनको सम्भावनाहरुको उजागर तथा श्रोत साधनको उच्चतम प्रयोग गरी ग्रामीण क्षेत्रको आत्मनिर्भरता बढाउने,

(ख) ग्रामीण क्षेत्रका जनतालाई पर्यटन व्यवसायमा सहभागी गराई जीवनस्तर सुधार गर्ने ,

(ग) होमस्टेको माध्यमबाट ग्रामीण तथा स्थानीयस्तरमा स्वरोजगारको अवसर सृजना गर्ने,

(घ) पर्यटकलाई सुलभ, सुपथ, सरल र सहज वातावरणमा स्थानीय परिवेश, परिकार, रीतिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव गराउने,

(ङ) सामाजिक सद्भाव कायम राख्दै विविधता भित्रको आत्मीय एकता अभिवृद्धि गर्ने,

(च) ग्रामीण क्षेत्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं रमणीय सम्पदाहरुको संरक्षण तथा जगेर्ना गर्ने ।

४. **होमस्टेको वर्गीकरण:** सामूहिक व्यवस्थापन गरी ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे र ग्रामीण क्षेत्रमा कुनै व्यक्तिले एकल रुपमा दर्ता गरी निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टेको रुपमा वर्गीकरण गरिएको छ । होमस्टेको वर्गीकरण सम्बन्धी अन्य विवरण अनुसूची-१ मा भए बमोजिम हुनेछ ।

५. **होमस्टे दर्ताका लागि न्यूनतम मापदण्डहरु:** (१) होमस्टे दर्ताका लागि देहाय बमोजिमका न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ :

(क) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र एक बेड भएको हुनुपर्ने र बढीमा चारकोठा र आठ बेड मात्र राख्न पाईने,

(ख) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने,

(ग) घरायसी र वातावरणीय सरसफाइको राम्रो व्यवस्था हुनुपर्ने र फोहरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्ने,

(घ) खानपानमा पुर्याइएको सेवा, सुविधा, गुणस्तर तथा उपलब्ध गराइएको आवासमा रहेको सुविधाका आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने,

(ङ) सामुदायिक होमस्टे वा निजी होमस्टे सञ्चालन गर्दा समूहमा प्रत्येक घरमा कम्तीमा १ जना युवा जनशक्ति समेत अनिवार्य रुपमा बसोबास गरिरहेको हुनु पर्ने ।

(२) होमस्टे दर्ताको लागि आवश्यक अन्य मापदण्ड अनुसूची-३ बमोजिम हुनेछ ।



सचिव

६. **दर्ताका लागि निवेदन दिने:** (१) होमस्टे सञ्चालन गर्न चाहने व्यक्ति वा समुदायले देहाय बमोजिमका कागजात सहित अनुसूची-२ बमोजिमको ढाँचामा रु. १००।- को रसिद काटी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ :

(क) वडा कार्यालयको सिफारिश

(ख) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ति यकीन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सो को सम्झौताको प्रतिलिपि र शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपि ।

(ग) होमस्टे सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(घ) आन्तरिक राजश्व कार्यालयबाट लिएको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) सामुदायिक होमस्टेको हकमा कम्तीमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता र वडा कार्यालयको सिफारिस ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि सम्वन्धित स्थानीय तहको प्रमुखले तोकेको प्रतिनिधिको संयोजकत्वमा सम्वन्धित वडाको वडाअध्यक्ष तथा स्वास्थ्य, कृषि र बन वातावरण हेर्ने कर्मचारी समेतको पाँच सदस्यीय समितिले निरीक्षण गरी दफा-५ बमोजिमको मापदण्ड पूरा भए नभएको बारे स्थानीय तहको कार्यालयमा एक महिना भित्र प्रतिवेदन दिनुपर्नेछ । समितिले आफ्नो कामको सम्बन्धमा आवश्यकतानुसार विज्ञहरुको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निरीक्षणबाट तोकिएको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा सम्बन्धित स्थानीय तहको कार्यालयले सात दिनभित्र दश हजार रुपैयाँ शुल्क लिई दर्ता गर्नु पर्नेछ र अनुसूची-४ बमोजिमको ढाँचामा होमस्टे सञ्चालन प्रमाणपत्र दिनु पर्नेछ । सोको जानकारी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिई पुनः स्थलगत निरीक्षण गर्दा तोकिएका मापदण्ड पूरा गरेको पाइएमा उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम होमस्टे दर्ता गर्दा र दफा १३ को उपदफा (१) बमोजिम होमस्टे नवीकरण गर्दा लाग्ने शुल्क सम्वन्धित स्थानीय तहको ग ४ समूहको बाँडफाँड हुने राजस्व खातामा राख्नु पर्नेछ । यसरी प्राप्त भएको राजश्वको ४० प्रतिशत रकम सम्बन्धित स्थानीय तहले प्रदेश सँचित कोषमा जम्मा गर्नुपर्नेछ ।

७. **होमस्टेका मुख्य पर्यटकीय क्रियाकलाप:** (१) मनोरञ्जनका लागि होमस्टे सञ्चालकले स्थानीय क्षेत्रमा सञ्चालन गर्ने जिविकोपार्जनका कार्यक्रम, सांस्कृतिक कार्यक्रम र परम्परागत खेल, जंगल ट्रेक, इको



सचिव

ट्रेक, कृषि फार्म, पशु फार्म अवलोकन, अध्ययन तथा सिकाइ केन्द्र, संग्राहालय दृश्यावलोकन, क्यानोनिङ, सूर्योदय, सूर्यास्त, वन्यजन्तु अवलोकन, प्राकृतिक चिकित्सा आदि पर्यटकीय क्रियाकलापका कार्यक्रमको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिए बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नसक्नेछन् ।

(क) स्थानीय प्रचलन अनुसार फूलमाला/गुच्छाका साथ पर्यटकलाई स्वागतको व्यवस्था मिलाउने ।

(ख) होमस्टेमा बस्ने पर्यटकहरुलाई गाउँघरमा उत्पादित स्थानीय तथा प्राङ्गारिक खाना खुवाई फरकपनको अनुभुती दिने ।

(ग) पर्यटकलाई पारिवारिक वातावरणको अनुभव दिलाउने ।

(घ) स्थानीय उत्पादन र संस्कृति झल्कने मायाको चिनो र फूलमाला आदिबाट पर्यटकलाई विदाई गर्ने ।

(ङ) पर्यटक होमस्टेबाट बिदाइ भएपछि उनीहरु गन्तब्यमा पुगे नपुगेको जानकारी लिने ।

८. **होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु:** (१)होमस्टे सञ्चालकले दर्ता पश्चात् पूरा गर्नुपर्ने अन्य मापदण्डहरु देहाय बमोजिम हुनेछन् :

(क) सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्ने ।

(ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नुपर्ने ।

(ग) सामुदायिक होमस्टेको लागि यथासक्य सामुदायिक भवन वा भाडामा हलको व्यवस्था मिलाउने ।

(घ) हरेक वर्ष लेखा परीक्षण गराउने र पर्यटकको तथ्याङ्क व्यवस्थित गरी राख्ने तथा वार्षिक रुपमा सम्बन्धित निकायमा पेश गर्ने ।

(ङ) प्रत्येक वर्ष पौष मसान्तसम्म आन्तरिक राजश्व विभाग अर्न्तगतका कार्यालयबाट कर चुक्ता गर्नु पर्ने ।

९. **होमस्टे व्यवस्थापन तथा सञ्चालक समिति:** (१) सामुदायिक होमस्टे सञ्चालन गर्नका लागि सञ्चालकहरुको भेला गरी देहाय बमोजिमको होमस्टे व्यवस्थापन तथा सञ्चालक समिति गठन गर्नु पर्नेछ :

(क) समुदायका सदस्यहरुबाट एक जना - अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एक जना - उपाध्यक्ष

(ग) समुदायका सदस्यहरुबाट एक जना - कोषाध्यक्ष



सचिव

(घ) समुदायका सदस्यहरुबाट महिला सदस्य - सदस्य

(ङ) समुदायका सदस्यहरुबाट एक जना - सदस्य सचिव

(२) होमस्टेमा सहभागी हुने घरको संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जना सम्म सदस्यको चयन गर्न सक्नेछ।

(३) सञ्चालक समितिमा एकाघरका सदस्य मध्येबाट नदोहरीने गरी प्रतिनिधित्व गर्नुपर्नेछ।

(४) सञ्चालक समितिको गठन उपदफा (३) बमोजिम नभएको खण्डमा यो कार्यविधि लागु भएको ६ महिना भित्र साधारण सभा वसी सोही बमोजिम पुनर्गठन गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिमको समिति गठन गर्दा सर्वसम्मत रुपमा गठन गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा एक घर एक मत को आधारमा मतदानबाट बहुमत ल्याउने सदस्यहरुलाई चयन गर्नु पर्नेछ।

१०. **सञ्चालक समितिको काम कर्तव्य र अधिकार:** होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटक र सञ्चालकहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने,

(ख) आगन्तुक पाहुनाको स्वागत तथा आवासको व्यवस्था मिलाउने,

(ग) पाहुनाको अभिलेख दर्ता तथा रेकर्डको व्यवस्थापन गर्ने,

(घ) आय व्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(ङ) प्रत्येक होमस्टे र ग्रामीण क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने,

(च) स्थानीय पर्यटन प्याकेजहरुको निर्माण एवं प्रचार प्रसार गर्ने,

(छ) स्थानीय प्रविधि, ज्ञान सिप, वातावरण, परम्परा, शैली, भेषभूषा, कला तथा संस्कृतिको संरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने,

(झ) पाहुनाको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाको व्यवस्थापन र समन्वय गर्ने,

(ञ) होमस्टेसम्म पुग्नको लागि पथचिन्ह (साइनेज), लोकेशन म्याप लगायतका पूर्वाधारको व्यवस्था मिलाउने,



सचिव

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सेवा, सुविधाको गुणस्तरका आधारमा मेनु र मूल्य निर्धारणमा एकरुपता कायम गर्ने,

(ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैंतीस दिनभित्र पाहुना संख्या, प्रमुख क्रियाकलाप, आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह, पर्यटन कार्यालय र प्रदेश मन्त्रालयमा पठाउने,

(ड) स्थानीय तहको होमस्टे समन्वय समिति र मन्त्रालयसँग नियमित सम्पर्क र सञ्चार गर्ने,

(ढ) अनुसूची-५ बमोजिमको सूचना पाहुनाले देख्ने स्थानमा राख्न लगाउने,

(ण) होमस्टे विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अध्ययन, अवलोकन भ्रमण जस्ता कार्य गराउने,

(त) होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिले आफ्नो होमस्टेबाट दिन सक्ने छुट र अफरहरुको प्रचार प्रसार गर्ने,

(थ) प्रत्येक सामुदायिक होमस्टेले आफ्नो कोषमा जम्मा भएको रकमको आधारमा सामाजिक उत्तरदायित्वका विभिन्न कार्यक्रमहरु गर्नुपर्ने ।

११. **स्थानीय तह होमस्टे समन्वय समितिः**(१) स्थानीय तहले एक होमस्टे समन्वय समितिको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिमा देहाय बमोजिम सदस्य रहनेछन्:

(क) सम्बन्धित् स्थानीय तहको कार्यापालिकाले तोकेको कार्यपालिका सदस्य - संयोजक

(ख) सम्बन्धित् स्थानीय तहको कार्यापालिकाले तोकेको कार्यपालिका सदस्य - सदस्य

(ग) पालिका क्षेत्रभित्र सामुदायिक होमस्टे सञ्चालक मध्येबाट कार्यपालिकाले तोकेका दुई जना -सदस्य

(घ) स्थानीय तहको सामाजिक विकास शाखा/महाशाखा प्रमुख -सदस्य सचिव

(३) स्थानीय तह होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो स्थानीय तहमा भएका होमस्टे व्यवस्थापन समितिहरु बीच समन्वय र सहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ग) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(घ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

(ङ) पर्यटकको सञ्चार तथा सुरक्षामा समस्या देखिएमा सहयोग गर्ने,



सचिव

(च) आफ्नो स्थानीय तहमा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र अभिलेख व्यवस्थित गर्ने,

(छ) स्थानीय कृषि उत्पादन प्रयोग गर्ने तथा प्राङ्गारिक कृषि प्रवर्द्धन गर्न स्थानीय कृषि जैविक प्रविधिमा सहयोग पुऱ्याउने ।

१२. <u>पर्यटन पूर्वाधार विकास योजनामा सहयोग सम्बन्धी व्यवस्था:</u> होमस्टेमा पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धनका लागि मन्त्रालयले कार्यविधि/मापदण्ड/निर्देशिका बनाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१३. <u>अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था:</u> (१) मन्त्रालयले होमस्टेहरुमा आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ । यस कार्यमा सरोकारवालाहरुलाई सहभागी गराउन सक्नेछ ।

(२) अनुगमन तथा निरीक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगरेको होमस्टेलाई मनासिब माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई मन्त्रालयले निलम्बन वा दर्ता खारेजका लागि तोकिएको निकायमा लेखी पठाउन सक्नेछ ।

(४) आवश्यकता अनुसार सरोकारवाला निकायहरुले स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयनका क्रममा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन् ।

(५) स्वीकृत कार्यक्रम तथा बजेट अनुसारको कामको कार्यान्वयनको क्रममा कुनै गुनासो आएमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कुनै पनि समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्नु होमस्टे सञ्चालकको कर्तव्य हुनेछ ।

१४. <u>नवीकरण र खारेजी:</u> (१) सामुदायिक तथा निजी होमस्टे सञ्चालकले देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तभित्र प्रक्रिया पुरा गरी होमस्टे नवीकरणको लागि स्थानीय तहको कार्यालयमा दुई हजार रुपैयाँको रसिद काटी निवेदन दिनु पर्नेछ ।

(क) नवीकरण अवधिसम्मको लेखा परीक्षण प्रतिवेदन र होमस्टेले पर्यटकलाई प्रदान गरेको सेवाको विवरण,

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिको प्रगति प्रतिवेदन (पर्यटन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेको भए सो को समेत प्रगति विवरण),

(ग) होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको निर्णय,



सचिव

(२) उपदफा (१) बमोजिम नविकरणको लागि निवेदन पर्न आएमा स्थानीय तहको कार्यालयले होमस्टेको निरीक्षण गरी मापदण्ड पूरा भएकाको हकमा होमस्टेको नवीकरण गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समयभित्र नवीकरण नगर्ने होमस्टेले नवीकरणको म्याद सकिएको ६ महिनाभित्र सम्बन्धित कार्यालयबाट नवीकरण दस्तुरको २५ प्रतिशत थप दस्तुर सहित नवीकरण गर्न सक्नेछ।

(४) संघीय सरकारका विभिन्न निकायमा दर्ता भइ हाल सञ्चालनमा रहेका होमस्टेहरुले समेत कर चुक्ता र अन्य आवश्यक विवरण सहित स्थानीय तहमा दर्ता गर्न सक्नेछन्।

(५) उपदफा (३) बमोजिमको समयभित्र नवीकरण नगर्ने होमस्टेले नवीकरणको म्याद सकिएको १ वर्ष भित्र सम्बन्धित कार्यालयबाट नवीकरण दस्तुरको ५० प्रतिशत थप दस्तुर सहित नवीकरण गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको समयभित्र नवीकरण नगर्ने होमस्टेले नवीकरणको म्याद सकिएको ५ वर्ष भित्र सम्बन्धित कार्यालयबाट नवीकरण दस्तुरको प्रत्येक वर्षको लागि शत प्रतिशत थप दस्तुर लिई नवीकरण गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको समयभित्र नवीकरण नगर्ने होमस्टेको नवीकरण हुने छैन र म्याद सकिएको समयबाटै उक्त होमस्टे स्वतः खारेज हुनेछ।

(८) नयाँ दर्ता, नवीकरण, दण्ड, जरिवाना र शुल्क बापत प्राप्त राजश्व रकमको ४० प्रतिशत रकम सम्बन्धित स्थानीय तहले प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ।

१५. <u>होमस्टे नामसारी:</u> (१) दफा ४ बमोजिम दर्ता भएका होमस्टेहरुको नामसारी गर्नुपर्ने अवस्था आएमा देहाएका कागजात सहित सम्बन्धित स्थानीय तहले नामसारी गर्न सक्नेछ :

(क) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिको सिफारिस तथा निजी होमस्टेका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ती यकिन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सो को सम्झौताको प्रतिलिपि र शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपि,

(ग) होमस्टे नामसारी दिने तथा लिने दुवैको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(घ) होमस्टेको लेखा परिक्षण प्रतिवेदन।

(ङ) होमस्टे दर्ताको प्रमाणपत्र।

१६. <u>व्यवस्थापन खर्च:</u> (१)होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिले सामुदायिक होमस्टेमा आउने पर्यटकहरुबाट लिइने विल रकमको बढीमा २० प्रतिशत रकम व्यवस्थापन खर्च बापत राख्न सक्नेछ।



सचिव

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन खर्च शुल्क होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम उठेको रकम समितिको निर्णयले प्रचार प्रसार, व्यवस्थापन खर्च, टुर गाईडलाई दिइने भत्ता, होमस्टे सञ्चालकलाई तालिम, लेखापरीक्षण शुल्क, अतिथि सत्कार तथा सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्षेत्र जस्ता कार्यमा खर्च गर्न सक्नेछ ।

१७. **लेखापरीक्षण:** होमस्टे व्यवस्थापन तथा सञ्चालक समिति तथा निजी होमस्टे सञ्चालकले वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र रजिष्टर्ड लेखापरीक्षकबाट आफ्नो श्रेस्ताको लेखापरीक्षण गराउनुपर्नेछ ।

१८. **प्रचार प्रसार तथा बजारीकरण:** होमस्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामाग्रीहरुको उत्पादन, वेबसाइट, फेसबुक, ट्वीटर लगायतका सामाजिक सञ्जालहरुको माध्यम, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैर आवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा बिक्री, छुट र अफरहरुको प्रचार प्रसार जस्ता क्रियाकलापहरु पर्यटन सम्बन्धी स्थानीय कार्यालय तथा संस्था र स्थानीय तहले निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारीकरण गर्न सक्नेछ ।

१९. **विविध:** (१) प्रसिद्ध धार्मिक तिर्थस्थलमा दर्शनको लागि आउने दर्शनार्थी तथा तीर्थालुहरुको बसोबास र खानपिनको बन्दोबस्त मिलाउन होमस्टे सञ्चालनको लागि स्थानीय समुदाय समेतको सहभागितामा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधीनमा रही सञ्चालन अनुमति दिन सकिनेछ ।

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको विमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ । व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ ।

(३) होमस्टे सञ्चालन गर्ने सञ्चालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ ।

(४) होमस्टे सञ्चालन सम्बन्धी आधारभूत तालिम सम्बन्धित निकायहरु लगायत अन्य स्वीकृति प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

(५) पर्यटकीय गतिविधिमा नै असर पर्ने गरी नाजायज काम (ठगी, चोरी, महिला हिंसा र अमानवीय व्यवहार) गरेको भनी कुनै पर्यटकबाट निवेदन पर्न आई सो कसुर ठहर भएमा वा अनुगमनको क्रममा



सचिव

प्रमाणित भएमा त्यस्तो निजी होमस्टे वा सामुदायिक होमस्टेको सदस्यलाई पुनः होमस्टे सञ्चालन गर्न नपाउने गरी स्थानीय तहले निजको दर्ता खारेज गर्न सक्नेछ।

(६) हामेस्टेमा सञ्चालित कार्यक्रमहरु परिवार लक्षित गराउनु पर्नेछ ।

२०. **ब्याख्या र प्रष्टिकरण:** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै दुविधा भएमा त्यसको व्याख्या र प्रष्टिकरण मन्त्रालयले गर्नेछ ।

२१. **संसोधन तथा हेरफेर:** यस कार्यविधि कार्यान्वयन गर्दा आउने बाधा अबरोधलाई सम्बोधन गर्न मन्त्रालयलको सिफारिसमा मन्त्रिपरिषद्ले आवश्यकतानुसार संसोधन र हेरफेर गर्न सक्नेछ ।

२२. **खारेजी तथा बचाउ:** (१) होमस्टे सञ्चालन कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) होमस्टे सञ्चालन कार्यविधि, २०७५ बमोजिम स्थापित होमस्टे यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।



सचिव

अनुसूची-१

दफा ४ सँग सम्बन्धित

**होमस्टेको वर्गिकरण**

क वर्ग

१. वार्षिक रुपमा कम्तिमा १८०० पाहुना होमस्टेमा बास बस्नेगरी आउने ।

२. खाना र सत्कारमा कम्तिमा ७५ प्रतिशत स्थानीय उत्पादन प्रयोग गरिने ।

३. सामाजिक उत्तरदायित्वका क्षेत्रमा कम्तिमा वार्षिक रु. पच्चीस हजार योगदान गर्ने ।

ख वर्ग

१. वार्षिक रुपमा कम्तिमा १००० पाहुना होमस्टेमा बास बस्नेगरी आउने ।

२. खाना र सत्कारमा कम्तिमा ५० प्रतिशत स्थानीय उत्पादन प्रयोग गरिने ।

३. सामाजिक उत्तरदायित्वका क्षेत्रमा कम्तिमा वार्षिक रु. दस हजार योगदान गर्ने ।

ग वर्ग

१. वार्षिक रुपमा कम्तिमा ५०० पाहुना होमस्टेमा बास बस्नेगरी आउने ।

२. खाना र सत्कारमा कम्तिमा ३० प्रतिशत स्थानीय उत्पादन प्रयोग गरिने ।

३. सामाजिक उत्तरदायित्वका क्षेत्रमा कम्तिमा वार्षिक रु. पाँच हजार योगदान गर्ने ।



सचिव

अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## होमस्टे दर्ताका लागि दिइने निवेदन

श्री ............... गा.पा./न.पा./उप.म.न.पा./म.न.पा. को कार्यालय

..........................................

म/हामीहरुले ....................वडा नं. ............टोल/गाउँ .................... मा सञ्चालन गर्न लागेको ........................ होमस्टेलाई होमस्टे सञ्चालन कार्यविधि, २०७६ बमोजिम सामुदायिक/निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौं ।

होमस्टे सञ्चालन कार्यविधि निर्देशिका, २०७६ को अधिनमा रही आफ्नो होमस्टे सञ्चालन गर्नेछौं ।

संलग्न कागजात :

१. होमस्टे सञ्चालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

२. होमस्टे सञ्चालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ती झल्कने प्रमाण वा मञ्जुरनामा वा भाडामा लिएको भए सो को सम्झौताको प्रतिलिपि ।

३. प्रत्येक घरधनीले होमस्टे सञ्चालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिको निर्णयको प्रतिलिपी ।

४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय ।

५. सम्बन्धित वडाको सिफारिस ।

६. आधारभूत प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि ।

होमस्टे युनिटहरु (दर्ता हुने व्यक्तिहरुको) विवरण ।

| क्र.सं. | सञ्चालकको नामथर | ठेगाना |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

नोटः सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनुपर्नेछ ।

निवेदकको नामथर : ..............................

ठेगानाः ..............................

मितिः ..............................



सचिव

## अनुसूची-३
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
## होमस्टे सञ्चालनका आधारभूत मापदण्ड

१. **होमस्टेका लागि घर, कोठा र शैया:**

(क) होमस्टेसम्म पुग्नका लागि सहज पहुँच हुने सफा र व्यवस्थित बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृति झल्किने र हावा हुरी, जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफा सुग्घर हुनु पर्नेछ ।

(ख) होमस्टेमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।

(ग) होमस्टे सञ्चालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

(घ) एउटा कोठामा बढीमा २ वटामात्र ओच्छ्यान रहनुपर्नेछ। ओच्छ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ ।

(ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओच्छ्याइएको हुनु पर्नेछ ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनु पर्नेछ ।

(छ) नरम खालको सेतो कपडाको तन्ना, ओढ्ने(सिरक) र सिरानी को व्यवस्था साथै एउटा सफा टावेल समेतको व्यवस्था हुनु पर्नेछ ।

(ज) कोठामा लुगा झुण्ड्याउने उचित व्यवस्था भएको हुनुपर्नेछ ।

(झ) कोठामा उज्यालोको उचित व्यवस्था हुनुपर्नेछ ।

(ञ) सुत्नेकोठामा धुवाँ आउने हुनु हुँदैन । भान्सा कोठा र भर्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनु हुँदैन ।

(ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुनेछ ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) व्यवस्था हुनु पर्नेछ ।

(ड) प्रत्येक पाहुनाका लागि एकजोर चप्पलको व्यवस्था हुनुपर्नेछ ।

(ढ) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुन्ड्याएको हुनुपर्नेछ ।

(ण) सम्भव भएसमम सुत्ने कोठामा चिया टेवुल राख्नु राम्रो हुनेछ ।

(त) सम्भव भएसमम सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ ।

(थ) पर्यटकले देख्ने ठाउँमा त्यस होमस्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ ।

(द) पर्यटकले पालना गर्नुपर्ने अनुसूची-४ बमोजिमका आचार संहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नुपर्नेछ र सो आचार संहिताको बारेमा पाहुनालाई शुरुमै जानकारी दिनु पर्नेछ ।

(ध) होमस्टेका सेवा र वस्तुहरु सकेसम्म सुपथ र सर्वशुलभ रुपमा उपलब्ध हुनुपर्नेछ साथै मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन ।



सचिव

२. शौचालय र स्नान घर:

(क) सुविधायुक्त तथा सफा आधुनिक (कमोड) र साधारण (प्यान) दुवैथरी शौचालय हुनु पर्नेछ ।

(ख) होमस्टे सञ्चालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नान घरको व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) स्नान घरमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्नेछ ।

३. भान्छा कोठा र खाना खाने व्यवस्था:

(क) पाहुना राख्ने घर कोठा नजिक गाई भैंसी, भेडा बाख्रा, सुँगुर, कुखुरा आदि बाँध्न वा पाल्न पाइने छैन ।

(ख) भान्सामा उन्नत वा सुधारिएको चुलो भएको हुनु पर्नेछ ।

(ग) पानीको सुविधा मिलाउनु पर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नु पर्नेछ ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रबन्ध हुनु पर्नेछ ।

(ङ) खाना खानको लागि स्थानिय सामाग्रीबाट बनेका बेन्च, टेबल, कुर्ची, मोडा, गुन्द्री, चकटी, मान्द्रो, पिर्का आदीको प्रवन्ध भए राम्रो हुनेछ ।

(च) खानाको परिकारको विवरण तथा मूल्य निर्धारण गरिएको (मेनु भएको) हुनुपर्नेछ ।

४. स्वास्थ्य, सरसफाई तथा सुरक्षा:

(क) होमस्टे सञ्चालक तथा परिवारका सदस्यहरु दीर्घरोगी वा सरुवा रोगी नभएको हुनुपर्नेछ ।

(ख) बास बस्ने कोठा तथा सुत्ने बिस्तारामा किरा, लामखुट्टे आदिबाट सुरक्षित भएको हुनुपर्नेछ ।

(ग) सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुला नाली र ढल नभएको हुनुपर्नेछ ।

(घ) बातावरण मैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलबारी र वृक्षारोपण गरी हरियाली हुनुपर्नेछ ।

५. मनोरञ्जन :

(क) होमस्टेमा आउने पाहुनाहरुलाई परम्परागत लोकगित/संगीतको अनुभुति दिलाउन नाच/नृत्य झाँकी जस्ता मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ख) सम्भव भएसम्म स्थानीय कला, संस्कृति, परम्परा, चाडपर्व, रीति रिवाज झल्कने गरी Video Clip/Documentary देखाउनु पर्नेछ ।



सचिव

अनुसूची-४
(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## होमस्टे दर्ता प्रमाणपत्र

.......................... गा.पा. /न.पा. /उप म.न.पा. /म.न.पा. को कार्यालय
..........................................................

प्रमाणपत्र संख्या :

मिति : ....................

होमस्टे सञ्चालन प्रमाणपत्र

................. लाई होमस्टे सञ्चालन कार्यविधि, २०७६ मा व्यवस्था भए अनुसार सामुदायिक/निजी होमस्टेका रुपमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१) सदस्यको नाम :
२) ठेगाना :
३) मान्य अवधि :

## HOME STAY OPERATION CERTIFICATE

................................. Homestay is registerd/renewed as a Community/Private Homestay under Homestay Operation Procedures, 2076 B.S.

1. Name of the owner:
2. Address of the owner:
3. Valid up to:

शर्तहरु :

- व्यवस्थापन तथा सञ्चालन समितिसँग समन्वय गरी पर्यटकहरुलाई बसोवासको व्यवस्था गर्नुपर्नेछ ।
- चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनु हुदैन ।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई नकारात्मक असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन । यो प्रमाण पत्र तथा अनुसूची-४ बमोजिमको आचार संहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।
- व्यवस्थापन तथा सञ्चालन समितिसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
- यो प्रमाणपत्र एक एक वर्षमा नवीकरण गराउनु पर्नेछ ।

अनुमतिपत्र प्रदान गर्ने अधिकृतको
नाम :
दर्जा :
दस्तखत:
मिति:



सचिव

अनुसूची - ५

(दफा १० को खण्ड (ढ) सँग सम्बन्धित)

Code of conduct for the visitors (आचार संहिता)

The home stay visitors are expected to abide by the following points:

1. Do not force the owner for food, beverage and facilities not available at home stay.(होमस्टेमा उपलब्ध हुन नसक्ने खाना, पेय पदार्थ र सुबिधा बारे सञ्चालकलाई दबाव दिन पाइने छैन ।)

2. Do not disturb people at home or outside.(होमस्टे र छिमेकीलाई असर पर्ने गरी होहल्ला गर्न पाइने छैन ।)

3. Do not ask /demand any services beyond owner's capacity. (होमस्टे सञ्चालकको क्षमता बाहिरको सेवा सुविधा माग गर्न पाइने छैन ।)

4. Sexual violence, harassment or activities against the local cultural values strictly prohibited . (सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिको हिसावले नपच्ने व्यवहार, गतिविधि, यौनजन्य हिंसा गर्न पाईने छैन ।)

5. Respect the rites and rituals of the local people; wear such clothes that are permissible to the community.(स्थानीय समुदायको रिति रिवाजलाई सम्मान गर्नुपर्नेछ र समुदायमा सहज हुने कपडाहरु लगाउनु पर्नेछ ।)

6. Do not coerce the owner or the people in the community to indulge in immoral or illegal activities. Respect the household routine for entrance and exit. (अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाई दवाव दिन हुँदैन । घरमा प्रवेश र बाहिर निश्किनको लागि घरेलु दिनचर्यालाई सम्मान गर्नुपर्नेछ ।

7. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited.(कुनै प्रकारका लठ्याउने प्रकारका लागु पदार्थहरु प्रयोग गर्न र विक्री वितरण तथा ओसारपसार गर्न सख्त मनाही छ ।)

8. Respect-the biodiversity and ecology of the environment.(जैविक विविधता र वातावरणीय परिस्थितिलाई सम्मान गर्नुहोस ।)



सचिव